प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १०४ ।। २०८२ जेठ ०८ गते बिहिबार (22nd May 2025 Thursday) Pratidin National Daily मूल्य-रु.५/-

# स्कुलमा धाराको पानी खाएर १७ जना विद्यार्थी सिकिस्त



झापा, जेठ ७ । धाराको पानी खाएर मिनी माउन्टेन इङलिस सेकेण्डरी बोर्डिङ स्कुल बाह्रदशीका १७ जना विद्यार्थी सिकिस्त भएका छन् । बुधवार दिउँसो २ बजे बाह्रदशी गाउँपालिका वडा न.६ स्थित मिनी माउन्टेन ईङलिस सेकेण्डरी बोर्डिङ स्कुलमा अध्ययनरत विद्यार्थीहरुले सोही बिद्यालयको खानेपानीको धाराबाट पानी पिउँदा पेट दुखेर सिकिस्त भएका हुन् ।

बिरामी विद्यार्थीहरुलाई बिद्यालयका शिक्षकहरुले उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोडमा ल्याई उपचार गराएको प्रहरीले जनाएको छ । विरामी हुने विद्यार्थीहरुमा झापा बाह्रदशी गाउँपालिका ६ बस्ने राजु किस्कुकी छोरी बर्ष ११ की सुमित्रा किस्कु , सोही ठाउँ बस्ने राहुल बि.क की छोरी बर्ष १० की रेवन बि.क , ओमनाथ अधिकारीकी छोरी बर्ष ९ की प्रनिसा अधिकारी ,उर्मिला बर्देवाकी छोरी बर्ष ९ की खुश्बु बर्देवा , राजेन्द्र सुन्दासकी छोरी बर्ष १० की सुप्रिया सुन्दास , राजकुमार शर्माकी छोरी बर्ष १० की सेन्जे हाङमा शर्मा , नरेश गजुरेलकी छोरी बर्ष १० की मनिता गजुरेल , गोबिन्द रिजालकी छोरी बर्ष ११ की बिना रिजाल , बेनु ढकालका छोरा बर्ष ११ का आदित्य ढकाल , मनकुमार राईकी छोरी बर्ष ११ की अरबिदा राई , रेखा कार्कीका छोरा बर्ष ११का सुशान्त कार्की , वडा नं ५ बस्ने हरि कार्कीकी छोरी बर्ष ११ की प्रनिशा कार्की , सोही ठाउँका नरेश मावोकी छोरी बर्ष १० की सृष्टि मावो , पप्पु साहकी छोरी बर्ष ११ की ग्रीष्मा साह , विकास तामाङकी छोरी बर्ष ८ की अनुसा भुजेल , पदम भुजेलकी छोरी बर्ष ९ की ईसिका भुजेल र डम्बर लिम्बुकी छोरी बर्ष ९ की बर्षा लिम्बु रहेका छन् । विरामी हुने विद्यार्थीहरु कक्षा ४ र ५ का हुन् । उनीहरु सबै निको भई डिस्चार्ज भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्र खड्काले बताए । उनले धाराको पानी खाँदा विरामी हुनुपर्ने कारणबारे अनुसन्धान भइरहेको बताए । विद्यालयको त्यस धाराको पानी विज्ञद्वारा परीक्षण गरिने उनले जानकारी दिए ।

विद्यालयका संचालक खगेन्द्र सुवेदीले पहिला ३-४ जनाले धाराको पानी खाएर भुँडी दुख्यो भनेर लडीबडी गरेको बताए । त्यसपछि उनीहरुका अरु साथीहरुले पनि त्यसरी नै भुँडी दुख्यो भनेर रुन कराउन थालेका थिए । विरामी भएका सबै विद्यार्थीहरुलाई अस्पताल लगेर निको पारेर ल्याइएको उनले जानकारी दिए ।

**मास हिस्टेरियाको आशंका**

धाराको पानीमा खराबी नभएर विरामी विद्यार्थीहरुमा मास हिस्टेरियाको लक्षण देखिएको संचालक सुवेदीले बताए । बिर्तासिटी हस्पिटलका चिकित्सक डा. रमेश यादवले विद्यार्थीहरुमा मास हिस्टेरियाको लक्षण देखिएको बताए । उनले धाराको पानी पनि परीक्षण गर्न आवश्यक रहेको बताए ।' धाराको पानीमा समस्या नदेखिएको खण्डमा मनोवैज्ञानिक रुपमा विद्यार्थीहरु सामूहिक विरामी हुन सक्छन् ' उनले भने ।

# घरधनीलाई खाना पकाउन लगाई खाना खाएर लुटपाट

झापा(प्रस) । लुटेराहरु अनेक स्वरुपका हुन्छन् । अपरिचित व्यक्तिलाई घरभित्र प्रवेश गर्न दिँदा उदयपुरका एक परिवार लुटिएका छन् ।

घटना अनुसार सोमवार राति १२.३० बजे उदयपुरको त्रियुगा नगरपालिका वडा नं.१४ टोड्के बस्ने ५२ वर्षीय हरि भनिने हिरा नेपालीको घरमा कालो क्याप ,अनुहारमा कालो पट्टी बाँधेर, हरियो सर्ट र निलो कपडाको पेन्ट लगाएका ३ जना अपरिचित मानिसहरू आई घरधनी हिरा नेपालीलाई बोलाएका थिए ।

नेपालीलाई सुतेको ठाउँबाट उठाई उनीहरुले खाना पकाउन लगाएका थिए ।

खाना खाइसकेपश्चात् धम्काउँदै डर त्रास देखाई ती व्यक्तिहरुले नगद र गरगहना लुटेका हुन् । घरमा बोका खसी बेचेर राखेको नगद ६९ हजार र नेपालीकी श्रीमती सीता नेपालीले कानमा लगाएको ४ आनाको सुनको रिङ उनीहरुले लुटेका हुन् ।

घटनाबारे मंगलवार दिउँसो ४ बजे पीडितले प्रहरी चौकी साउनेमा लिखित निवेदन दिएका छन् । प्रहरी .टोली खटिएर थप बुझ्ने कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# अनलाईन जुवा खेलाउने आमाछोरी पक्राउ

झापा(प्रस) । अनलाईन सट्टाबाजी (अनलाईन जुवा) खेलाएको आरोपमा झापाको कन्काई ८ बाट आमा छोरी पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा कन्काई ८ लक्ष्मीपुर बस्ने ४१ वर्षीया इन्दिरा प्रसाई र उनकी छोरी २१ वर्षीया सिम्रन प्रसाई रहेका छन् । मंगलवार राति अन्दाजी २:३० बजे कनकाई नगरपालिका वडा नम्बर ८ लक्ष्मीपुरमा अनलाईन सट्टाबाजी (अनलाईन जुवा) खेलि/ खेलाइरहेको भन्ने बिशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बिर्तामोडको टोलीले छापा मारेको थियो ।

उनीहरुबाट विभिन्न सामान बरामद भएको छ । उनीहरुको साथबाट ५ थान मोबाइल,२ थान ट्याब र एउटा ल्यापटप बरामद भएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी विजय श्रेष्ठले बताए ।

उनीहरुलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ । उनीहरुबारे थप अनुसन्धान भइरहेको डीएसपी श्रेष्ठले जानकारी दिए । आमा छोरीले कर्मचारी राखेर अनलाईन जुवा संचालन गर्ने गरेको जनाइएको छ । उनीहरुलाई अदालतबाट ४ दिनको म्याद थपेर अनुसन्धान शुरु गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# ९६ जना प्रहरी कर्मचारीले गराए निःशुल्क आँखा जाँच



इलाम(प्रस) । इलामका ९६ जना प्रहरी कर्मचारी र उनीहरुका परिवारले निःशुल्क आँखा जाँच गराएका छन् । समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत जिल्ला प्रहरी कार्यालय इलामको सहकार्य र नेपाल नेत्रज्योति संघ इलामको आयोजना तथा बिराटनगर आँखा अस्पताल बिराटनगरको प्राबिधिक सहयोगमा जिल्ला प्रहरी कार्यालय इलाममा बुधवार एकदिने निःशुल्क आँखा शिबिर संचालन गरिएको थियो । शिबिरमा ७८ जना पुरुष र १८ जना महिला प्रहरी कर्मचारीहरुले सेवा लिएको जिल्ला प्रहरी कार्यालय इलामका सूचना अधिकारी डीएसपी मानबहादुर राईले जानकारी दिए । प्रहरी अतिरिक्त महानिरीक्षक राजन अधिकारीबाट आँखा जाँच गराई सो शिविरको शुभारम्भ गरेका थिए । निरीक्षण भ्रमणका क्रममा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका बिभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक अधिकारी इलाम आइपुगेका थिए । प्रहरी कर्मचारी र कर्मचारीको परिवारलाई लक्षित गरेर सो शिविर आयोजना गरिएको डीएसपी राईले जानकारी दिए ।

# काठेपुलबाट हल्दिबारी गाउँपालिका लगभग मुक्त

झापा(प्रस)।झापाको हल्दिवारी गाउँपालिका काठे पुलबाट लगभग मुक्त भएको छ ।

दुई वर्षअघि काठे पुल भएको हल्दिबारी गाउँपालिकाको भुतेनी खोलामा एक र भुसुडी खोलामा दुई गरी एकैसाथ ३ वटा पुल शिलान्यास गरिएको थियो ।

ती पुल ४ करोड ९६ लाख ८५ हजार ९ सय रूपैयाँमा ठेक्का लागेको थियो। त्यसमध्ये हल्दिबारी गाउँपालिका वडा नं ५ र १ जोड्ने भुतेनी खोलाको पक्की पुल निर्माण सम्पन्न भई बुधवार उद्घाटन भएको छ ।

झापा क्षेत्र नं ३ का प्रतिनिधिसभा सदस्य राजेन्द्र लिङ्देनले सो पुलको उद्घाटन गरेका हुन्। २ करोड ३० लाख रुपैयाँको लागतमा पुल सम्पन्न भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर वन (महेन्द्र) ले बताए । २०७९ कात्तिक ७ गते सम्झौता भएको पुल निर्माणको म्याद २ वर्षको रहेकोमा ५ महिनाअघि नै निर्माण सम्पन्न भएको हो।

४२ .७ मिटर लम्बाई र ७.२ मिटर चौडाई भएको पुल सारा सृष्टि निर्माण सेवा प्रा लि ले निर्माण गरेको हो। बाँकी २ वटा पुलको निर्माण कार्य अन्तिम चरणमा पुगेको प्रमुख प्रशासकीय अधिकृत वनले जानकारी दिए

हल्दिबारी गाउँपालिकाको आफ्नै बजेटमा सो पुल निर्माण भएपछि यहाँका स्थानीयसंगै छिमेकी पालिकाका बासिन्दासमेत लाभान्वित हुनेछन्।

उद्घाटनपश्चात् कार्यक्रममा बोल्दै सांसद लिङ्देनले गाउँपालिकाको काठेपुल मुक्त बनाउने लक्ष्य अनुसार समयमै काम सम्पन्न भएकोमा खुसी व्यक्त गरे ।उनले सीमित स्रोत भएको हल्दिवारीले आफ्नै लगानीमा यति ठूलो कार्य सम्पन्न गरेर जनप्रतिनिधि र कर्मचारीहरु इमान्दार भए विकास सम्भव भएको उदाहरण प्रस्तुत गरेको बताए ।

हल्दिबारी गाउँपालिकाका अध्यक्ष रविन्द्रप्रसाद लिङ्देनको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत वन , वडा नम्बर १ का वडा अध्यक्ष देवीबहादुर थापा, वडा नं ५ का वडा अध्यक्ष खड्गबहादुर लावती, वडा नं ४ का वडा अध्यक्ष सन्तकुमार थापालगायत कार्यपालिका सदस्यहरू,वडा सदस्यहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरुसहित स्थानीयको उपस्थिति रहेको थियो।

कार्यक्रममा बोल्दै गाउँपालिका अध्यक्ष लिङ्देनले सीमित बजेट भएपनि विकास निर्माणका क्षेत्रमा पालिका सदैव अगाडि रहेको धारणा राखे । उनले ७ वर्षमा १५० काठेपुल,बाँसेपुल विस्थापित गरी पक्की पुल र कल्भर्ट बनाएको बताउँदै बाँकी रहेका काम पनि गर्दै जाने बताए। कार्यक्रमको संचालन योजना शाखा प्रमुख राजन न्यौपानेले गरेका थिए।

## झापामा अर्को हात्ती मर्यो
# बिरामी हात्ती पाँचपोखरी वनमा मृत फेला



झापा(प्रस) ।करिव दुई महिनाअघि घाइते अबस्थामा फेला परेको जंगली हात्ती मृत फेला परेको छ । झापा बुद्धशान्ति-५ को पाँचपोखरी सामुदायिक वनमा 'घुमन्ते गज' नामको रैथाने जंगली हात्ती मृत फेला परेको हो । बुधवार दिउँसो २ बजे पाँचपोखरी सामुदायिक वन क्षेत्रभित्र वनका हेरालुले ड्युटी गर्दै जाने क्रममा अन्दाजी ४० बर्षको भाले हात्ती मृत अबस्थामा फेला पारी प्रहरीलाई खबर गरेका थिए । अस्थायी प्रहरी चौकी मंगलबारे र सशस्त्र प्रहरी बलको संयुक्त प्रहरी टोलीले खटिएर घटनास्थल सुरक्षित राखेको थियो । त्यस्तै डिभिजन वन कार्यालयका डिभिजन प्रमुख भरतबाबु श्रेष्ठ, वन अधिकृत सुरज निरौला, पशु चिकित्सक डाक्टर सोनाम भालसहितको टोली र कोशी टप्पु वन्यजन्तु आरक्षबाट वन्यजन्तु प्राबिधिक पुरुषोत्तम मुडवरीसहितको टोली आएको थियो । टोलीले सम्पूर्ण कानुनी प्रक्रिया पुरा गरी पोष्टमार्टमपश्चात् सोही स्थानमा खाल्डो खनी गाडेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

डिभिजन वन कार्यालयले लामो समयदेखि विरामी रहेको उक्त हात्तीलाई प्रकृति संरक्षण कोषबाट चिकित्सक ल्याएर उपचार गरेको थियो । मृत हात्तीको दाह्रा छैन । गत फागुन २९ गते मेचीनगरको तेलपानी सामुदायिक वन क्षेत्रमा सो हात्ती घाइते अबस्थामा फेला परेको थियो ।

योसंगै यस आर्थिक वर्षमा झापामा दुईवटा जंगली हात्ती मरेको छ । गत फागुन २९ गते कचनकवल- ७ स्थित पाथीभरा सामुदायिक वनमा करिब डेढ महिनाअघि मरेको हुनसक्ने वयस्क भाले हात्ती सडेगलेर दुर्गन्धित अबस्थामा फेला परेको थियो । त्यस्तै यस आर्थिक वर्षमा हात्तीको आक्रमणमा परी झापामा चार जनाको ज्यान गइसकेको छ । गत आर्थिक वर्षमा जिल्लामा ४ वटा हात्ती मृत फेला परेका थिए ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपाटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टाउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरूदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयाष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# चन्द्रगढी वन समूहको मिलबाट बरामद काठ छुटाउने चलखेल !

झापा(प्रस) ।चन्द्रगढी सामुदायिक वन उपभोक्ता समूहको मिलमा बरामद भएको काठ छुटाउने चलखेल शुरु भएको छ ।

जेठ ३ गते डिभिजन वन कार्यालय भद्रपुरले चन्द्रगढी सामुदायिक वन उपभोक्ता समूहले संचालन गरेको स-मिलवाट करिब ८३ क्यू फिट साखु जातका चिरान काठ अवैध भनी नियन्त्रणमा लिएको थियो । सोही काठलाई वैधता दिने र छुटाउने चलखेल शुरु भएको हो । त्यसप्रति नेकपा एमाले भद्रपुर-९, वडा कमिटीले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । नियन्त्रणमा लिइएको काठ वैध हुन् या अवैध हुन् सोको निष्पक्ष छानविन गरी सत्य तथ्य बाहिर ल्याउन वडा कमिटीले माग गरेको छ ।

वडा कमिटी अध्यक्ष ध्रुवराज कार्की र सचिव महेश न्यौपानेले एक प्रेस विज्ञप्ति जारी गरी उक्त काठ अवैध भए सो कार्य गराउने व्यक्ति वा समूहलाई कडाभन्दा कडा कारबाहीको माग गरेका छन् । यदि कुनै प्रतिशोध दुरासायी भावना वा मोलमोलाहिजामा परि निर्दोषमाथि कारवाही गरिएमा वा दोषीलाई उन्मुक्ति दिने प्रयास गरेमा, सो कार्यको प्रतिकारमा उत्रने विज्ञप्तिमार्फत चेतावनी दिइएको छ । चन्द्रगढी सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष दुर्गाप्रसाद भट्टराईले डिभिजन वन कार्यालयले दिएको अनुमतिका आधारमा मात्र चिरान ,कटान तथा उपभोक्तालाई काठ विक्री वितरण गर्ने गरेको दावी गरेका छन् ।

त्यसबारे अनुसन्धान चलिरहेको डिभिजन वन कार्यालयका प्रमुख भरतबाबु श्रेष्ठले बताए । कार्यालयले घटनाको अनुसन्धान गर्न एकजना अनुसन्धान अधिकारी तोकेको छ । अनुसन्धान सकिएपछि सो काठ वैध वा अवैध के हो भनेर स्पष्ट हुने श्रेष्ठले जानकारी दिए ।

# ‘साइबर’ कानुनबारे गाउँका विद्यार्थीलाई पढाउँदै प्रहरी

झापा(प्रस) ।साइबर अपराध हुन नदिन विद्यार्थीमार्फत समुदायमा चेतना फैलाउन प्रहरीले ओखलढुङ्गाका विद्यालयमा साइबार कानुनसम्बन्धी कक्षा सञ्चालन गरेको छ ।

कक्षा ९ देखि १२ सम्मका विद्यार्थीलाई प्रहरीले पढाउन थालेको छ । सिद्धिचरण नगरपालिका-११ को जाल्पा माध्यमिक विद्यालयबाट सुरु भएको साइबर अपराध न्यूनीकरणबारे सचेतना कक्षा ओखलढुङ्गाका सबै पालिकाका विद्यालयमा सञ्चालन हुने जिल्लाका प्रहरी प्रमुख मदन केसीले बताए ।

जाल्पा माध्यमिक विद्यालयका शिक्षक बेचन अधिकारीले अभियानबाट विद्यार्थीमा चेतना अभिवृद्धि हुनुका साथै समाजमा सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरे। ‘प्रहरी मेरो साथी’ भनाइलाई यस्ता अभियानले सार्थक बनाउने उनले बताए । यसैबीच, जिल्लाका दुर्गम क्षेत्रका विद्यालयमा पनि कक्षा सञ्चालन हुनुपर्नेमा स्थानीयले जोड दिएका छन् ।

यसअघि पनि जिल्ला प्रहरी कार्यालयले जिल्लाका विभिन्न विद्यालयमा बालविवाह र लागुऔषधविरुद्ध कार्यक्रम सञ्चालन गरेको थियो ।

### लोकतन्त्रवादी...

गर्दै प्रमुख अतिथि शिवाकोटीले यस्तो धारणा राखेका हुन् । २०१७ सालमा राजा महेन्द्रले प्रजातन्त्रमाथि ‘कू’ गरेपछि नेपाली कांग्रेसले शुरु गरेको आन्दोलनमा मुक्ति सेनाको पूर्वीय कमाण्ड भूविक्रम नेम्बाङ, प्रेमराज आङदेम्बे, मछिन्द्रबहादुर केरुङ लगायतले संहाल्नुभएको स्मरण गर्दै नेता शिवाकोटीले लिम्बू जातिको भाषा, संस्कृति, भेषभुसाको संरक्षण गर्दै पार्टीको जनमत बढाउने दायित्व पूरा गर्न संघको नयाँ कार्यसमितिलाई आह्वान गरे ।

कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य महेन्द्राकुमारी सुब्बाले पार्टीको अनुशासनमा बसेर प्राप्त जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गरे नेपाली कांग्रेसले सबै जातजातिलाई समान स्थान दिने बताउँदै आफूले पनि पार्टीमा क्रियाशील भएकै कारण विभिन्न जिम्मेवारी प्राप्त गरेको धारणा राखिन् ।

कार्यक्रममा नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले अन्य राजनीतिक दलले जातजातिको अधिकारको कुरा जोडदार रुपमा उठाएपनि पार्टी संगठनभित्र जिम्मेवारी नदिने गरेको बताउँदै नेपाली कांग्रेसले समावेशी सहभागितालाई ब्यवहारमा उतारेको दावी गरे । जातीय संगठनहरुको नेतृत्वमा बस्दै गर्दा पार्टीले लिएको नीति र जातीय संघसंस्थाहरुले उठाउने समसामयिक मुद्दाका विषयमा स्पष्ट हुनुपर्ने धारणा राख्दै उनले पार्टी नीति विपरित नजान कार्यकर्तालाई आग्रह गरे ।

कार्यक्रममा नेपाल लोकतन्त्रवादी याक्थुङ (लिम्बू) संघका केन्द्रीय अध्यक्ष उत्तमसिंह थाङदेनले बिपी कोइरालाको नेतृत्वमा भएको प्रजातन्त्र स्थापनाको लडाईमा लिम्बूहरूको योगदानको चर्चा गर्दै नेपाली कांग्रेस केन्द्रीय समितिले नेपाल लोकतन्त्रवादी याक्थुम (लिम्बु ) संघलाई भातृ संगठनको मान्यता दिएकोमा धन्यवाद दिए। तिब्र गतिमा संगठन विस्तार गर्न नव निर्वाचित समितिलाई निर्देशन दिँदै उनले कांग्रेस जस्तो लोकतान्त्रिक पार्टीको भातृ संस्थामा बस्न पाउनु गौरवको विषय भएको बताए ।

कार्यक्रममा नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाई, कोषाध्यक्ष जलकुमार गुरुङ, महासमिति सदस्य राधा सुब्बा, संघका केन्द्रीय प्रतिनिधि प्रेम सम्बाहाम्फे, नेपाल किसान महासंघ झापाका अध्यक्ष रतन थिङ् लाबोलगायतले शुभकामना मन्तब्य राखेका थिए। संघको निर्वाचन संयोजन समितिका संयोजक धर्म लक्सम्बाको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत दिलकुमार नेम्बाङले गरेका थिए भने सञ्चालन मोहन माबोले गरेका थिए । अधिवेशनले मनकुमार चेम्जोङको अध्यक्षतामा २९ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको छ । समितिको उपाध्यक्षमा विजय कन्दङ्वा, सचिवमा प्रकाश साम्सोहाङ, सहसचिवमा प्रदीप मादेन, कोषाध्यक्षमा मुना कन्दङवा चयन भएका छन् । समितिको सदस्यहरुमा नवनिता पोमु, विक्रम लावती, गंगा आङदेम्बे, देउकुमार आङदेम्बे, सुमित्रा मादेन, ऐतराज लिम्बू, मंगलसिंह सम्बाहाम्फे, गंगा लिम्बू, सूर्य खजुम, इशा लिम्बू, सुजन लिम्बू, शुक्र केरुङ, मानबहादुर योङहाङ, पानबहादुर लिम्बू, बालकृष्ण लावती, दिलकुमार लिम्बू, कमलप्रसाद लक्सम्बा, धनकुमार लिम्बू, ध्रुव नेम्बाङ, कृष्णराज बेघा, देशु बेघा वनेम, लिलामाया मेनेङ्वो, मनिषा लिङदेन, विक्रम पन्धाक लिम्बू रहेका छन् ।

अधिवेशनमा केन्द्रीय महाधिवेशन प्रतिनिधिमा हर्क फियाक लिम्बू, बुद्धबहादुर काङ्लिवा, हिरावती लिम्बू, शान्ता नेम्बाङ, कविन्द्र नेम्बाङ, धर्म लक्सम्बा, शेरबहादुर मादेन, भीमबहादुर चेम्जोङ, सविना बोखिम, हस्तकला बेघा नेम्बाङ, सुरेन्द्र तुम्रोक, शेरबहादुर लिम्बू, जापान थेवे, नरेन्द्र आङदेम्बे, डिल्ली मेनेङबो, कुमारी लिम्बू, निर्मला लिम्बू, रमा लिम्बू, विष्णुमाया बेघा, रत्ना लिम्बू, शुकपाल नेम्बाङ, पूर्णध्वज आङदेम्बेलगायतलाई चयन गरेको नेपाली कांग्रेस झापाका कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिए ।

कार्यक्रममा नवनिर्वाचित समितिलाई प्रमुख अतिथि, विशेष अतिथि एवं अतिथिहरुले प्रमाणपत्र प्रदान गर्दै खादा-माला लगाएर पदस्थापन गराएका थिए । अधिवेशनमा लिम्बू जातिको पहिचान झल्कने च्याब्रुङ नाच पनि प्रस्तुत गरिएको थियो ।

## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल

फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | GLI ०२३०००१०३७ | रोज बानिया | मेचीनगर-८ ,झापा |

# खोलामा दिशा फ्याँक्ने सेफ्टी ट्याङकीलाई जरिवाना

झापा(प्रस) । खोलामा दिशा फ्याँक्ने सेफ्टी ट्याङकीलाई दमक नगरपालिकाले जरिवाना तिराएको छ ।

फोहोर व्यवस्थापनमा लापरवाही गरेको भन्दै नगरपालिकाले झापा सेफ्टी ट्याङकीलाई १५ हजार रुपैयाँ जरिवाना तिराएको हो । शौचालयबाट निकालिएको दिशाजन्य फोहोर झापा सेफ्टी ट्यांकी दमकले दमक २ स्थित डाकिनी खोला किनारमा लगेर फ्याँकेको पाईएकाले नगरपालिकाले सो जरिवाना तिराएको जनाएको छ ।

दमक २ डाकिनी चोकदेखि १०० मिटर पूर्वमा रहेको खोलामा सो ट्याङकीले दिशाजन्य फोहोर फ्याँकेको प्रमाणित भएपछि फोहोरमैला व्यवस्थापन ऐन २०६८ को दफा ३८ को खण्ड (क) बमोजिम कसुर गरेको ठहर गर्दै सो जरिवाना गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत गणेशराज कार्कीले जानकारी दिएका छन् ।

## तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (सात) ०७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति २०८२/०२/०८

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने ०७ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउन्‌ भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **७ औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **८ औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथमूकदाचित सो धितोबाट अुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसुचीमा समावेश गरी असुल उपर हुन बांकी रहेको रकम ऋणी तथा कर्जा लिंदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेकोवा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनबमोजिम असुल उपर गरिने छ। साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

**शाखा कार्यालय : कन्चनबारी**

| ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते विवरण | धितो सुरक्षणको विवरण |
|---|---|
| ऋणीः कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौमा मिति २०७३/१०/१७ मा दर्ता नं. १६२७३२/०७३/०७४ अन्तर्गत रजिष्ट्रर्ड/दर्ता भएको मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. ५, स्थायी ठेगाना भै हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १९ स्थित नमन कन्स्ट्रक्सन प्रा.लि. का तर्फबाट ऐ. का अख्तियार प्राप्त संचालक देव नारायण भट्टराईको नाति, उमानाथ भट्टराईको छोरा नागरिकता बमोजिम मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. ५, स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा., वडा नं. ४ बस्ने बर्ष ४३ को **मनोज भट्टराई ।** | चन्द्रकला भट्टराईको नाममा मा.पो.का विराटनगरमा, दर्ता कायम रहेको मोरङ्ग जिल्ला, बैजनाथपुर गा.वि.स.वडा नं. ४ स्थित कि.नं. ९१७ को क्षेत्रफल ७४२४.४७ ब.मि. भएको जग्गा, उक्त जगामा निर्मित घर र उक्त घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| **ऋणी** : कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौमा मिति २०७५/०४/२२ मा दर्ता नं. १९५२१३/०७५/०७६ अन्तर्गत रजिष्ट्रर्ड/दर्ता भएको मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. ४, स्थायी ठेगाना भै हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १९ स्थित एस. एन. होजियारी प्रा.लि. का तर्फबाट ऐ. का अख्तियार प्राप्त संचालक देव नारायण भट्टराईको नाति, उमानाथ भट्टराईको छोरा नागरिकता बमोजिम मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. ५, स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. ४ बस्ने बर्ष ४३ को **मनोज भट्टराई ।** | |
| **धितो जमानीकर्ता/व्यक्तिगत जमानतकर्ता**<br>नाम : चन्द्रकला भट्टराई<br>बाबु : जय प्रसाद नेपाल<br>पति : उमानाथ भट्टराई<br>ना.प्र.नं :-४४५/४५ (मोरङ्ग) २०४६/०३/०५<br>ठेगानाः- मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा., वडा नं. ५, स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. ४ बस्ने । | **संचालक/ब्यक्तिगत जमानीकर्ता :**<br>नाम : कल्पना खतिवडा<br>बाबु : नरेन्द्र खतिवडा<br>पति : मनोज भट्टराई<br>ना.प्र.नं:-०५-०१-७५-०४६९९ (मोरङ्ग २०७५/०४/१६)<br>ठेगानाः- मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. ४, स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा., वडा नं. ४ बस्ने । |
| **कर्जा शिर्षक :- व्यवसायिक कर्जाहरु** | |

**लिलाम हुने स्थिर सम्पतिहरुको विवरण**

| | | |
|---|---|---|
| १. ओभरलक मेसिन ......१२ थान | ६. हाइड्रोलिक मेसिन.......... १ थान | १२. दराज.................. २ थान |
| २. फ्न्टलक मेसिन........ १३ थान | ७. कटर मेसिन................. २ थान | १३. इन्भर्टर................ १ थान |
| ३. रिप मेसिन............... २ थान | ८. कम्प्यूटर तराजु............. १ थान | १४.इर्न्भटरको ब्याट्री...... ४ थान |
| ४. टेग मेसिन.............. ४ थान | ९. सिङ्गल मेसिन ............. २ थान | १५. टेलिफोन सेट......... ७ थान |
| ५. बोइलर मेसिन.......... ३ थान | १०. टेवल, चियर र अन्य फर्निचरका सामान....... ४२ थान | १६. आइरन................ ३ थान |
| | ११. फेन..................... ३१ थान | |

**लिलाम हुने स्टकहरुको विवरण**

| | |
|---|---|
| १. युवा स्यान्डो ९० से.मि. .......................... ३७९ बक्स (३७९ ह १०) | ६. युवा कट्टु ८५ से.मि....................... ७ बक्स (७ ह १०) |
| २. युवा आर एन. एस स्यान्डो ८५ से.मि.............४५ बक्स (४५ ह १०) | ७. युवा कट्टु ९५ से.मि.........................४ बक्स (४ ह १०) |
| ३. युवा आर एन. एस स्यान्डो ९० से.मि.............११६ बक्स (११६ ह १०) | ८. युवा कट्टु १०० से.मि.......................१५ बक्स (१५ ह १०) |
| ४. युवा आर एन. एस स्यान्डो ९५ से.मि..............८ बक्स (८ ह १०) | ९. डोरियन लेगिज विभिन्न रङ्गहरुमा...........४६० बक्स (४६० ह ५) |
| ५. युवा आर एन. एस स्यान्डो १०० से.मि...........२३ बक्स (२३ ह १०) | |

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कूनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ। फोटोकपी गरिएको फारम मान्य हुने छैन ।

२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।

३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।

४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।

५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS)मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।

७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।

८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन।

९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धराटी फिर्ता दिन सकिन्ेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# साइबर अपराध

**नेपालमा साइबर अपराध विभिन्न स्वरूपमा हुँदै आएको छ। विशेष गरी महिला, बालबालिका, विद्यार्थीहरू र डिजिटल साक्षरता कम भएका मानिसहरुलाई लक्षित गरी आपराधिक क्रियाकलापहरू सञ्चालन गर्न र प्रभावित पार्ने गरेको विभिन्न अध्ययनहरूले देखाएका छन्। बढ्दो आधुनिकता, विश्वव्यापीकरण र शहरीकरण सँगसँगै सूचना प्रविधिको आमूल परिवर्तन र विकास सँगै सूचना प्रविधिको प्रयोगमा वृद्धि हुँदै जाँदा नेपालमा समेत साइबर प्राइम घटनाहरू बढ्दै जाँदा साइबर सुरक्षाका विषयमा समस्या र चुनौती समेत थपिँदै गएका छन् ।**

**सूचना तथा सञ्चार प्रविधिको तीव्र विकास, विस्तार र उपयोग सँगै समस्या र चुनौती पनि बढ्दै गएको छ। सूचना तथा सञ्चार प्रविधिको प्रयोग मार्फत गरिने आपराधिक क्रियाकलापहरू नियन्त्रण गर्नु प्रमुख चुनौतीका रूपमा रहेको छ । सूचना तथा सञ्चार प्रविधि प्रणालीहरूमाथिको साइबर आक्रमणको जोखिम दिनानुदिन बढ्दै गइरहेको अवस्था छ। साइबरसँग सम्बन्धित आपराधिक गतिविधिमा वृद्धि हुँदै गएकाले व्यक्तिगत तथा संस्थागत विवरणहरूको गोपनीयता एवं तथ्याक्त लगायतका सूचना प्रविधि प्रणालीको सुरक्षा गर्ने कार्य जटिल बन्दै गएको छ। साइबर सुरक्षाको लागि प्रभावकारी कानुनी व्यवस्था तथा संस्थागत संरचना, भौतिक तथा प्राविधिक पूर्वाधारको कमी, अनुसन्धान तथा दक्ष जनशक्तिको कमी, साइबर सुरक्षाका विषयमा सचेतना र पैरवी नहुनु, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा साइबर सुरक्षा सम्बन्धी समन्वयको अभाव, सूचना प्रविधिको प्रयोग र यस बाट उत्पन्न, प्रविधिको विकास सँगसँगै डिजिटल साक्षरताका क्षेत्रमा राज्यको न्यून लगानी हुन आदि समस्याहरू रहेका छन् ।**

**बढ्दो साइबर अपराध न्यूनीकरण र साइबर अपराधको सामना गर्नका लागि समय सापेक्ष कानुनी र संस्थागत विकासमा जोड दिने (भएका कानुनहरूको पुनरावलोकन गर्ने, नयाँ कानुनको निर्माण गर्ने, कार्यान्वयनमा जोड दिने, उपलब्ध संस्थाहरूको सबलीकरणमा जोड दिने, आधुनिक, नवीनतम र प्रविधि मैत्री संस्थागत संरचनाको विकास र विस्तारमा जोड दिने,) डिजिटल सेक्युरिटीका क्षेत्रमा लगानी अभिवृद्धि गर्ने, साइबर अपराध र न्यूनीकरणका लागि संवेदनशील राष्ट्रिय पूर्वाधारको विकास र विस्तार गर्ने, साइबर स्पेसलाई सशक्त र सुदृढ बनाउन साइबर सुरक्षाका क्षेत्रमा अध्ययन अनुसन्धान, जनशक्ति उत्पादन एवं कार्यगत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने, साइबर सुरक्षा सम्बन्धी जोखिम न्यूनीकरणका लागि द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरमा समन्वय र सहकार्य गर्ने, आम नागरिकलाई सूचना प्रविधिको प्रयोगका सम्बन्धमा सुसूचित गर्नका लागि डिजिटल साक्षरताका सम्बन्धमा कार्यक्रमहरू सञ्चालन गर्ने आदि कार्यहरू मार्फत साइबर अपराधलाई न्यूनीकरण गर्न सकिन्छ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# सुशासनका लागि पारदर्शिता



डा. बाबुराम दवाडी

विधिको शासन अर्थात् सुशासनमा 'पारदर्शिता' एक मुख्य सूचक हो जसले लोकतन्त्रलाई बलियो बनाउँछ । जनताको चाहना र भावना अनुरूप पारदर्शी र छरितो शासन प्रणालीको रूपमा हामीले लोकतन्त्रलाई बुझेका छौँ तर २०४६ सालपछिको प्रजातन्त्र र १० बर्से माओवादी सशस्त्र विद्रोहसँगै २०६२/६३ को आन्दोलनपछिको पूर्ण लोकतन्त्रले पनि जनतामा विधिको शासनको अनुभूत गर्न नसकेको चरणबद्ध विभिन्न घटनाले देखाइरहेका छन् । नेपाल सरकारको पछिल्लो अध्यावधिक बेरुजु लगातार बढ्दै गएर बेरुजु रकम लगभग १२ खर्ब पुगेको छ । महालेखा परीक्षकको पछिल्लो प्रतिवेदनले सुशासन र वित्तीय अनुशासन कायम गर्न सार्वजनिक जवाफदेहिताका लागि आठ वटा पिलरहरू शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्तिको व्यवस्थापन, विकास व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक प्रशासन र सुशासन प्रस्तुत गरेको छ । उल्लेखित पिलरमध्ये भ्रष्टाचाररहित वित्तीय सुशासन व्यवस्थापनका लागि अति महत्वपूर्ण पिलर 'सूचना प्रविधि' सँग सम्बन्धित विषयमा यस लेखमा केही विश्लेशण गर्ने जमर्को गरिएको छ ।

### मापदण्ड तथा नर्मस

सूचना प्रविधि प्रणाली खरिदमा मुख्य यी दुई वटा बुँदाले बेग्लै उपयुक्त सूचना प्रविधि खरिद प्रणाली आवश्यक रहेको सङ्केत गर्छ । सूचना प्रविधिको विकास र प्रणाली (हार्डवेयर र नेटवर्क उपकरण र सफ्टवेयर) खरिदमा चुनौती रहेकाले हालको सार्वजनिक खरिद ऐन र नियमावलीले प्रबन्ध गरेको व्यवस्थाले सूचना प्रविधि प्रणाली खरिदलाई सम्बोधन गर्न नसक्ने हुँदा यो प्रणाली खरिदमा पछिल्लो समयमा भ्रष्टाचारका सङ्केत देखा परेको छ । नेपाल सरकारले यथाशीघ्र सूचना प्रविधि प्रणाली विकास, हार्डवेयर र नेटवर्क उपकरण खरिद र सफ्टवेयर प्रणाली खरिदको निर्दिष्ट कानुनी व्यवस्था गर्नुपर्ने भइसकेको छ ।

### पहुँच, गोपनीयता र सुरक्षा

द्रुत गतिमा विकास र परिवर्तित प्रविधिलाई आत्मसात् गर्दा सूचना गोपनीयता र सुरक्षा संवेदनशीलता प्रमुख चुनौतीको विषय हुने हुँदा यस सम्बन्धमा नेपाल सरकारले पछिल्लो समय नीतिगत व्यवस्थामा प्राथमिकता दिएको भए तापनि नीति निर्माणमै थुप्रै समय लगाएको देखिन्छ । साइबर सुरक्षा नीति, २०७९ को व्यवस्था भइसकेको र एआईसम्बन्धी अवधारणा पत्र, २०८० पनि आइसकेको भए तापनि सोको कार्यान्वयनमा तदारुकता देखाउनुका साथै सूचना प्रविधि तथा साइबर सुरक्षा ऐन, एआई नीति र रणनीति, डाटा सुरक्षा ऐन, सूचना प्रविधि प्रणालीमा पहुँच (लफुल इन्टरसेप्सन) जस्ता अति आवश्यकीय कानुन मसौदामा मात्र सीमित रहेकाले द्रुतगतिमा उक्त कानुन बनाउनुपर्ने देखिन्छ ।

### सञ्चालन, मर्मतसम्भार र अद्यावधिक

एकीकृत सूचना प्रविधि प्रणालीको विकास र सोको विकेन्द्रीकृत सेवा सञ्चालन तथा व्यवस्थापन आजको आवश्यकता हो । सार्वजनिक निकायले आआफ्नै तरिकाले प्रणाली खरिद गरी लागु गर्ने र सोको अन्तरआबद्धता नहुँदा आजनागरिकले एकै प्रकारका विवरण फरक फरक निकायमा पेस गरिरहेको अवस्था छ । नागरिकता, राष्ट्रिय परिचयपत्र, सवारीचालक अनुमतिपत्र, बैङ्किङ, सञ्चय कोष, सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोष जस्ता निकायमा चाहिने विवरणमा सूचना व्यवस्थापनको एकीकृत प्रणाली र अन्तरआबद्धता छैन । साथै सञ्चालित प्रणालीमा विश्वास नहुँदा द्वैध प्रणाली जस्तै अनलाइन सेवा उपलब्ध गर्ने तर प्रमाणित गर्न भौतिक रूपमै लामो लाइनमा उपस्थित हुनुपर्ने अवस्थाले सेवाग्राहीलाई सास्ती भइरहेको अवस्था छ । कतिपय सूचना प्रविधि प्रणाली खरिद गरे तापनि सञ्चालनमा नआउनु मुख्य समस्याको रूपमा देखिएको हुँदा नयाँ एकीकृत प्रणाली विकास र पुराना प्रणालीमा अन्तरआबद्धता गरी सुरक्षित सेवा प्रवाहलाई ध्यान दिनुपर्ने छ ।

### क्षमता विकास र स्थानीयकरण

सूचना प्रविधि प्रणाली विकास, सञ्चालन र मर्मतसम्भारमा आपूर्तिकर्ता वा भेन्डरमाथि नै आश्रित हुनुपर्ने र आफ्नै क्षमतावान् जनशक्ति नहुँदा सेवा प्रवाहमा र गोपनीयता कायममा प्रत्यक्ष असर परिरहेको देखिन्छ । राज्यव्यवस्था प्रणाली विकेन्द्रीकृत भए तापनि प्रवाह गरिने कतिपय सेवा केन्द्रीकृत नै रहेको गुनासाहरू आएको सन्दर्भमा विकेन्द्रीकृत शासन प्रणालीलाई सूचना प्रविधि प्रणालीमार्फत स्थानीय तहबाट सेवा प्रवाह गर्न सकिने हुनाले प्राविधिक जनशक्तिको निर्माण र परिचालनलाई विशेष ध्यान दिनुपर्ने हुन्छ ।

### यन्त्र उपकरणको अभिलेख

कतिपय निकायले सूचना प्रविधिको विकास र प्रयोगलाई प्राथमिकतामा राखे पनि सोको प्रयोग र सेवा प्रवाहमा पर्ने असरको विस्तृत अध्ययन नगरी साथै अवैज्ञानिक लागत अनुमानले गर्दा प्रणाली खरिद एकदम खर्चिलो भएको विषय अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मुद्दा दर्ता हुँदा आरोपपत्रले पनि औँल्याएको देखिन्छ । यसरी विस्तृत अध्ययनबिना खरिद प्रक्रिया अगाडि बढाउने र उपकरणको कमजोर अभिलेखीकरण आदिले अनियन्त्रित रूपमा खर्च बढेको तर सोही अनुसारको सेवा प्रवाहमा प्रभावकारिता नदेखिएको विषयलाई सम्बन्धित निकायले गम्भीर रूपमा लिनुपर्ने देखिन्छ ।

### एआईको प्रयोग र लाभ

एआईसम्बन्धी नीतिनियम बन्दै गरेको अवस्था छ । सुपर एआईको युगमा मानवले सोच्न र गर्न सक्ने कार्य एआईले कैयौँ बढी क्षमतासहित गर्न सक्ने अवस्थाले चुनौती पनि थपिने देखिन्छ । यस्तो अवस्थामा नेपालले एआईको उचित प्रयोग गर्न सक्ने सही क्षेत्रहरू पहिचान गरी गोष्ठी र सेमिनार केन्द्रितभन्दा पनि परिणाममुखी अध्ययन अनुसन्धान गर्नुपर्ने देखिन्छ । पछिल्लो समयमा साइबर सुरक्षा, एआई, डिजिटल नेपाल सम्बन्धमा थुप्रै गोष्ठी, सेमिनार भइरहेको देखिए तापनि अनुसन्धानमा आधारित नतिजामुखी कार्य खासै भएको देखिँदैन । नयाँ प्रविधिको वकालत गर्दै विभिन्न व्यक्ति र निकाय सक्रिय भए तापनि ता□वक रूपमा सम्बन्धित क्षेत्रका विज्ञबाट गहन अध्ययन र अनुसन्धानमा जोड दिन जरुरी छ ।

### उत्तरदायी र जवाफदेही


राष्ट्रसेवक कर्मचारीले प्रवाह गर्ने सेवामा उत्तरदायित्व र जवाफदेहितामा भन्दा सेवा सुविधा र नाफामूलक कार्यमा सक्रिय सहभागिता देखाउनुले पारदर्शिता र वित्तीय अनुशासन कायम गर्न चुनौतीपूर्ण देखिन्छ । तसर्थ क्षमतामा आधारित कार्यसम्पादन अनुरूप पारिश्रमिक र सेवा सुविधाको व्यवस्था गर्दै कर्मचारीलाई आफूले प्रवाह गर्ने सेवा र सेवाग्राहीप्रति सिधै उत्तरदायी र जवाफदेही बनाउन जरुरी छ ।

### निष्कर्ष

यसरी राज्य नियन्त्रतित निकायमा बढ्दै गएको भ्रष्टाचार र सुशासनको चुनौतीलाई राज्यको तल्लो निकायदेखि नै नियन्त्रण गर्नुपर्ने हुन्छ । हामी सूचना प्रविधि तथा एआईको युगमा छौँ, तथापि प्रत्येक निकायमा पारदर्शिता कायम गर्नका लागि सूचना प्रविधिको प्रयोगलाई जुन प्राथमिकताका साथ अवलम्बन गर्नुपर्ने हो, सो देखिएको छैन । नीति नियम एकातिर कार्यान्वयन अर्कैतिर भइराखेको जस्तो अवस्था सबै सार्वजनिक निकायमा देखिन्छ । नेतृत्वले समाजमा तीव्र राजनीतिक ध्रुवीकरण ल्याउँदा विधि पद्धतिभन्दा राजनीतिक सामीप्यताको आधारमा सबै निकायमा सूक्ष्म व्यवस्थापन हुनाले क्षमता र कार्यसम्पादनमा अब्बलहरू पछाडि पारिँदै जानुले संस्थाको सेवाप्रवाह क्षमतामा प्रश्न उठेको छ भने पारदर्शिता र वित्तीय अनुशासन कायम राख्न चुनौती देखिएको छ ।

सार्वजनिक निकायमा नेतृत्व प्राप्त गर्ने पदाधिकारीहरूले नीति नियम अनि विधि पद्धतिभन्दा व्यक्तिगत र सङ्कुचित सामूहिक स्वार्थलाई प्रथम प्राथमिकतामा राख्दा त्यस्ता संस्थाहरूमा पारदर्शिता हराएर जाने छ, फलस्वरूप सुशासन कायम गर्न मुस्किल हुने छ र भ्रष्टाचार मौलाउने छ । केही व्यक्तिको भ्रष्ट प्रवृत्तिले पूरै संस्थाको सार्वजनिक छविमाथि प्रश्न उठेका छन् भने राम्रा राष्ट्रसेवक कर्मचारीले आफ्नो सार्वजनिक छविलाई आहुति दिनुपर्ने अवस्था छ । भ्रष्टाचाररहित स्वच्छ समाज निर्माण गर्न र पारदर्शिता कायम राख्न साना र ठुला सबै सार्वजनिक निकायका नेतृत्व चयनमा उपयुक्त विधि पद्धतिको व्यवस्था गर्नु पर्छ र संस्था सञ्चालनको जिम्मा लिएका प्रत्येक नेतृत्वले पारदर्शिता कायम राख्न सक्नु पर्छ । सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलाई अनिवार्य गर्दै प्रत्येक निर्णय प्रक्रियामा सार्वजनिक पृष्ठपोषण र गुनासोलाई ध्यानमा राखी पारदर्शी निर्णय लिनु पर्छ ।

# सगरमाथा संवादको सन्देश



भुवन पौडेल

सगरमाथा संवादको पहिलो संस्करण काठमाडौँमा भव्य रूपमा सम्पन्न भएको भएको छ । पहिलो संस्करणको नारा नै 'जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्य' भन्ने थियो । यसका लागि सर्वप्रथम नेपाल सरकारलाई धन्यवाद दिनु पर्छ । यही जेठ ४ मा सम्पन्न भएको उक्त संवादले २५ बुँदे 'सगरमाथा कल फर एक्सन' जारी गरेको छ । अहिलेको विश्वको अति संवेदनशील र अन्तरसम्बन्धित विषय हो जलवायु परिवर्तन जसले अब प्राविधिक विषय नभए राजनीतिक र रणनीतिक विषयको आकार लिएको छ । यो अन्तरदेशीय तथा अन्तर महादेशीय समस्या भएकाले विश्वव्यापी पहल र सहकार्यको आवश्यकता हुन्छ । अहिले वातावरणीय चुनौतीका रूपमा त्रिपक्षीय सङ्कटको रूपमा जलवायु परिवर्तन, जैविक विविधताको क्षति र प्रदूषणलाई लिने गरिन्छ ।

विश्वव्यापी जलवायु परिवर्तनको छलफल र वार्ताहरूमा विशेष गरी हिमालयको संवेदनशीलतालाई कमै उठाउने गरिएकोमा सन् २०२३ मा संयुक्त राष्ट्रसंघका महासचिवको नेपाल भ्रमण र प्रत्यक्ष रूपमा सगरमाथा तथा अन्नपूर्ण क्षेत्रको स्थलगत अवलोकन र त्यसको विश्वव्यापी प्रचारले एक हदसम्म आधार तयार गरेको थियो भने अब नेपाल मै यस प्रकारको मेगा कार्यक्रम नै आयोजना गरी सगरमाथा 'कल फर एक्सन' जारी हुनु अत्यन्तै सान्दर्भिक र मह□वपूर्ण छ । जलवायु परिवर्तन हिमालयदेखि समुद्रसम्मका सबैलाई समेटेपछि मात्र पूर्ण हुन्छ भन्ने सन्देश अझ सशक्त रूपमा यस संवादले दिएको छ । हिमाली अर्थतन्त्र जलवायु परिवर्तनसँग अति संवेदनशील भएको र यसको प्रभाव अन्यत्रभन्दा बढी मात्रामा हिमालमा हुने गरेको छ । हिमालय पर्वत मानव जातिका साझा सम्पदा हुन र वास्तवमा भन्ने हो भने मानव जातिलाई पालनपोषण गरिरहेका छन् ।

यस संवाद सुरु हुनु केहीअघिदेखि विभिन्न पक्षबाट टीकाटिप्पणी सञ्चार माध्यममा आएका थिए र यसरी आमसञ्चार माध्यममा आउनु र विभिन्न पक्षबाट विचार विमर्श हुनुले आगामी दिनमा थप परिस्कृत बनाउँदै लैजान सहयोग पुऱ्याउने नै छ । यस सम्बन्धमा पूर्वपरराष्ट्रसचिव मधुरमण आचार्यले एक्समा लेख्नुभएको सटिक टिप्पणी काफी छ, ''यो सरकारप्रमुख आउने अन्तरसरकारी बैठक होइन । संवाद हो । यस्तो कार्यक्रम निरन्तर गर्नु पर्छ अनि मात्र विश्वसनीय हुन्छ ।'' कार्यक्रममा १७५ विदेशी पाहुनासहित १२ मुलुकबाट उच्च तहको प्रतिनिधिमण्डल सहभागी भएको बताइएको छ जुन आफैँमा पहिलो संस्करणको हिसाबले पनि राम्रो सहभागिता हो । अर्कोतर्फ नेपालले यस प्रकारका कार्यक्रम गर्न सक्छ भन्ने सन्देश पनि दिएको छ । विश्वव्यापी, क्षेत्रीय तथा राष्ट्रिय मामिलाका महत्वपूर्ण विषयमा छलफल गर्ने मञ्चका रूपमा संवादलाई अघि बढाउँदै लैजानु पर्छ । जुन घोषणापत्रको २५ औँ बुँदाले प्रस्ट पारेको पनि छ । तटस्थ थलोका रूपमा कार्यक्रममा सहभागी र छलफलका विषय हेर्दा एकदमै सान्दर्भिक र विषयवस्तु केन्द्रित भएकाले यसले जलवायु परिवर्तनको प्राविधिक पक्षलाई विशेष जोड दिएको छ, जुन नेपालको लागि अति महत्वपूर्ण पनि थियो । तीनदिने संवादले हिमालका विषयलाई संसारभरि उजागर गर्न सफल भएको छ, जुन विषय हिमालको मात्र विषय नभएर समुद्रसम्मको विषय भएको छ ।

विशेष गरी हिमालका कुरा ओझेलमा पर्न गएका हुन कि भन्ने कुरालाई चिर्न सफल भएको कार्यक्रमको समापनमा परराष्ट्र सचिवले सञ्चारकर्मीसमक्ष समेत व्यक्त गर्नुभएको तथा परराष्ट्रमन्त्रीले हिमालदेखि टापु मुलुकका जनताका आवाजलाई जोड्न र उजागर गर्न सफल भएको बताउनुभएको थियो । सगरमाथा कल फर एक्सनमा हिमालका मुद्दालाई उच्च प्राथमिकता दिइएको छ भने बुँदा सत्रले अति महत्वपूर्ण विषय जलवायु न्यायका बारेमा बोलेको छ, जुन हाम्रा लागि अति जरुरी पनि हो । नेपालले विश्वव्यापी कार्बन उत्सर्जनमा नगन्य योगदान रहे पनि यसको अस्वाभाविक क्षति र यसबाट उच्च रूपमा प्रभावित हुनु परेको तितो यथार्थ हामीमाझ छर्लङ्ग छ । हाम्रो कृषिमा आधारित अर्थतन्त्र जलवायुका कारण पनि झनै प्रभावित भएको छ ।

आगामी दिनमा नेपालको कूटनीति सञ्चालन र जलवायुका क्षेत्रमा हुने अन्तर्राष्ट्रिय संवाद सहकार्य र वार्ताका लागि ठोस र विस्तृत रूपमा आवश्यक मार्गचित्रसमेत प्रस्तुत गरेको छ । नेपालले बहुपक्षीय तथा क्षेत्रीय मञ्चमा हुने छलफल तथा रिजोलुसनमा समेत सगरमाथा कल फर एक्सनका विषयलाई समावेश गर्न प्रभावकारी कूटनीतिक पहल र चातुर्य देखाउनु पर्छ । यसले जलवायु परिवर्तनका क्षेत्रमा काठमाडौँ प्रोसेसको रूपमा नेपाललाई विश्वसामु चिनाउने छ । यसै सन्दर्भमा गत डिसेम्बर २ देखि १३, २०२४ सम्म नेदरल्यान्डको हेगमा अन्तर्राष्ट्रिय न्यायालयमा संयुक्त राष्ट्रसंघको महासभाले पारित गरेको रिजोलुसनबमोजिम जलवायु परिवर्तनमा राज्यहरूको दायित्वसम्बन्धी बहसमा परराष्ट्रमन्त्रीले सहभागिता जनाउनु भएको थियो ।

एक सयभन्दा बढी मुलुकले बहसमा भाग लिएकामा ९ डिसेम्बरमा नेपालले बहसमा भाग लिई नेपाल जलवायु परिवर्तनबाट प्रत्यक्ष प्रभावित मुलुक भएको र नेपालले आफूले नगरेको कर्मको फल आइलागेको भनी विश्वलाई ध्यानाकर्षण गराएको थियो । नेपाल जस्ता मुलुकले गर्ने नै प्रभावकारी सहभागिता र विश्वको ध्यानाकर्षण गर्दै आफ्ना एजेन्डाहरूको सुनुवाइका लागि पहल गर्ने हो । विश्व रङ्गमञ्चमा साना मुलुकले विश्वव्यापी मान्यता विकास गर्न र मानवीय मामिलामा ठुलो योगदान पुऱ्याएका पनि छन् । उदाहरणका लागि नरडिक मुलुकलाई हेर्न सक्छौँ ।

विश्व रङ्गमञ्चमा अन्तर्राष्ट्रिय सम्बन्धका सिद्वान्तहरू केवल शक्ति राष्ट्रहरूका लागि निर्मित हुन र साना तथा मध्यम राष्ट्रहरूका लागि ती सिद्वान्तहरू विकास भएका हुँदै होइनन् । ठुला र शक्ति राष्ट्रहरूसँग सैनिक, आर्थिक तथा राजनीतिक एवं रणनीतिक क्षमता हुने र सोही अनुसार आफ्नो उपस्थिति र भूमिका निर्वाह गरिरहेका हुन्छन् । साना तथा मध्यम राष्ट्रहरूसँग हस्तक्षेपकारी क्षमता र कडा शक्तिहरूको विकल्प हुँदैन र उनीहरूले आफ्नो उपस्थिति जनाउने भनेकै नरम शक्ति र कूटनीतिक चातुर्यतामार्फत विश्वास, प्रभाव र दृष्टिकोणमार्फत आफ्नो पहिचान स्थापित गर्नु पर्छ । जुन नरम शक्तिमार्फत प्राप्त हुने गर्छ ।

नेपालका लागि नरम शक्ति भनेकै यसको रणनीतिक अवस्थिति, दक्षिण एसियाको सबैभन्दा पुरानो र कहिल्यै कसैको उपनिवेश नभएको स्वतन्त्र अस्तित्व कायम गर्न सफल मुलुक, असंलग्न परराष्ट्र नीति अङ्गीकार, विविधतामा एकता, सबैसँग मित्रता छैन कसैसँग शत्रुता, हाम्रो सांस्कृतिक सम्पन्नता, पर्यटन तथा सगरमाथाको देशलगायत हुन् । नरम शक्तिका आविस्कार जेसेफ नाइले समेत अमेरिकाका लागि अब कडा शक्तिले मात्र नभई नरम शक्ति अगाडि बढाउनु पर्छ भनी नब्बेको दशकमा नरम शक्तिको अवधारणा विकास गर्नु भयो । जसले अन्तर्राष्ट्रिय सम्बन्धमा ठुलो बहस र छलफलले प्रवेश पायो र आज नरम शक्तिलाई महत्वपूर्ण विदेश नीतिको रूपमा शक्ति राष्ट्र तथा अन्य मुलुकहरूले पनि अवलम्बन गर्दै आइरहेका छन । यसै सिलसिलामा सार्वजनिक कूटनीति पनि सँगसँगै अगाडि बढाएका छन् ।

आज दक्षिण कोरिया भन्नेबित्तिकै बिटिए, ब्ल्याकपिङ्क, के पप, फेसन तथा ब्युटी प्रोडक्सका रूपमा संसारभर चिनिन्छ । त्यस्तै साना मुलुक कतार आज विश्वको सबैभन्दा ठुलो फुटबल आयोजना गर्ने, युद्ध तथा द्वन्द्वरत मुलुकका लागि मध्यस्थ गर्ने, ठुला ठुला सम्मेलन आयोजना गर्ने र एभिएसन इन्डस्ट्रिज जस्तो कतार एयरवेजबाट आफ्नो नरम शक्ति प्रस्तुत गरिरहेको छ । मुलुकहरूले सार्वजनिक कूटनीतिमार्फत आफ्ना नरम शक्ति अन्य मुलुकका आमसर्वसाधारणसम्म पुऱ्याई आफ्नो मुलुकप्रतिको विश्वास, प्रभाव र दृष्टिकोण सिर्जना गर्न भूमिका निर्वाह गर्छन् ।

नेपालले पनि अब हाम्रो नरम शक्तिलाई प्रभावकारी कूटनीतिमार्फत विश्वसामु नेपालप्रतिको आमविदेशीको धारणा, सोचाइ र विश्वास बढाउने कार्य गर्न अब ढिला गर्नु हुँदैन । आगामी दिनमा सगरमाथा संवाद पनि हाम्रो नरम कूटनीतिकै एक आयाम हुने छ ।

# जग हँसाउँदै डा.जगमान गुरुङ



• प्रा.डा.बद्रीविशाल पोखरेल

नेपालमा सामन्तवादको सांस्कृतिक प्रेतलाई समयमै नपन्छाएकाले अहिले त्यसले तर्साइरहेको छ । जननेता मदन भण्डारीले सबै खालका अन्धविश्वास र रुढीवादविरुद्ध सुधार आन्दोलन गरेर भूतप्रेत पन्छाउने कुरा सुझाउनु भएको थियो । यसलाई हामीले अझै नबुझ्दा यसले हामीलाई नै गाँज्ने हो कि खतरा देखिन्छ । सुकरातले अढाइ सय वर्षअघि विद्वान् आफू बुद्धिमान् भएकामा भोलि पछुताउने छन् भनेका थिए । प्रधानमन्त्री ओलीले विवेक बिनाको बुद्धि काम लाग्दैन भन्नु भएझैं समाजमा विद्वान् कहलिएका एकाध व्यक्ति आफ्नू विवेकलाई खोपामा राखेर सडकमा तमासा देखाइरहेका छन् । उनीहरु स्वतन्त्र स्वाधीन नेपाली नागरिक हुनुभन्दा रैतान हुन आतुर र व्यग्र देखिन्छन् । हाम्रा पुर्खाहरुले मानिसलाई जन्मका आधारमा होइन कर्मका आधारमा श्रेष्ठ र पूजनीय मान्ने थिति बसालेका थिए । व्यास, विदुर र विश्वकर्मा आदि यसका उदाहरणहरु हुन् । पुर्खाहरुले निर्माण गरेको सभ्य र भव्य पद्धतिलाई भत्काउन आतुर छन् । धार्मिक तथा पौराणिक ग्रन्थहरुमा यसका उदाहरणहरु मनग्गे पाइन्छन् ।

प्रतिगामीहरु जन्मिँदै राजा, काजी, बनाउने विवेकहीन विषयमा बकवास गरिरहेका छन् र जग हँसाइरहेका छन् । तिनले त नेपाली आमाको कोखलाई तिरष्कार गरेझैं गरिरहेका छन् र हिमानीको कोखको दिउँसै बाह्र बखान गरिरहेका छन् । यस्तै खालको रुढीग्रस्त कुपरम्परा बसाउँदा ज्ञानेन्द्र शाहले आफ्ना गोडा खुल्ला ठाउँमा नेपाली आमा दिदी बहिनीहरुलाई धुवाउने दुस्साहस गरेका हुन् । र यस्ता चरम अन्धविश्वासको गर्तमा नेपाली समाजलाई हाल्न डा. जगमान गुरुङले अगुवाइ गरेको देख्दा लाज नै लजाएको छ ।

गुरुङमा कतिपय विषयगत विद्वत्ता भएर पनि त्यसलाई ढपक्कै ढाक्ने गरी चरम अन्धविश्वास र रुढीवाद उहाँमा कुटकुट भरिएको रहेछ । उहाँले छोरीका घर गएकी आमाले कुलपूजाका लागि सेलरोटी पकाएवापत गाइभैँसी मरेको सगर्व बताउनु भयो । हुन त जीवनको आठ दशकसम्म पछौटे पाराको हजारबारको प्रशिक्षणका कारण उहाँको मन र मस्तिष्क तदनुसार रुढीग्रस्त हुनु अचम्म नहोला । किनभने कार्लमार्क्सले नै पनि परिवर्तित समाजमा पनि मानिसको दिल र दिमागमा पुरानै शासक , शासन सत्ता र शासन पद्धतिको विचार संस्कार र संस्कृति हाबी हुन्छ भन्नु भएको थियो । यस खालका अवशेष कम्युनिस्ट र प्रगतिशील मानिएका उपल्ला तहका व्यक्तिहरुमा देखिन्छ । जीवन जगत्का विषयमा उहिलेदेखि पश्चगामी र अग्रगामी चिन्तनको द्वन्द्व रहेको अध्ययनबाट अवगत हुन्छ । र यस द्वन्द्वमा पश्चगमन धुलोपिठो भएको पनि विज्ञजनलाई थाहै छ । तथापि सामन्तवादी भूतप्रेतमा बानी परेका एकाध विज्ञ भनिनेहरु आजका दिनमा पनि चन्द्रमालाई देवता नै मानिरहेका छन् । तर जीवन जगत्का सत्यतथ्य उजागर गर्ने भविष्यद्रष्टा ब्रूनो,ग्यालिलियो र चार्बाकहरु युगका मार्गदर्शकका रुपमा सुपरिचित छन् ।

आफूले जन्माएका सन्तानलाई भगवान्को कृपाले जन्मिएका भन्नेहरु पश्चगमनकारी हुन् । फलानो धर्म, ब्रत र आराधना गरे योग्य पति, पत्नी र उच्च शैक्षिक योग्यता प्राप्त गर्न सकिन्छ भन्नेहरु आफ्नो परिश्रम र पसिनामा किन्चित गौरव गर्दैनन् । यो संसार यो भौतिक जगत् र चराचर जगत् अद्वितीय अलौकिक ईश्वरकै वरदान हो भन्नेहरु पछौटे चिन्तनका उपज हुन् । सदियौँदेखि राजा महाराजालाई देवताको अवतार भनेर हजार बार व्याख्या गर्दा त्यसबाट प्रभावितहरु भ्रमवस आफूलाई रैती हुन गौरव गर्छन् । तर देवताकै बारेमा हाम्रा पुर्खाहरुले जे सही अर्थ र व्याख्या गरेका थिए । त्यसको उल्टो अपव्याख्या भएछ । संस्कृतमा दा र नेपालीमा दि धातुबाट निर्मित देवता शब्दको मूल र सही अर्थलाई आधार बनाएर पुर्खाले सर्वस्व दिनेलाई देवता भनेका रहेछन् । यसरी सर्वस्व प्रदान गर्ने वायु,अग्नि,सूर्य,जल,अन्न फलफूलादि वनस्पतिलाई देवता भनिएको हो । यस्तैगरी बुद्ध लगायत जीवन जगत्लाई सर्वस्व प्रदान गर्ने मानवहरुलाई देवता भनिएको हो । धर्म संस्कृति र संस्कारसम्बन्धी प्राचीन ग्रन्थहरुमा अनेक जीवनोपयोगी पक्षहरु अझै पनि उजागर गरिएको छैन । यस्तै पारा रहिरहे सामन्तवादी सांस्कृतिक अवशेषले दुख्ख दिइरहने देखिन्छ । जननेता मदन भण्डारीले जबजमा धर्मिक सांस्कृतिक रुपान्तरणमा बारबार जोड दिनु भएको छ । तर यस्ता गम्भीरतम विषयमा शून्य चेतले गर्दा डा. जगमान गुरुङको अगुवाइमा जग हँसाउने कृत्य प्रभावी हुन खोज्दैछ ।
इतिहास पुराण र धार्मिक पौराणिक ग्रन्थहरुमा भाग्यवाद मात्र छैन कर्मवाद र श्रममैत्रीका अनेक सूक्ति र उक्तिहरु छन् । तर तिनलाई ओझेल पारियो । सामन्तवादले राज्यशक्ति र संयन्त्रमार्फत् अहोरात्र अन्धविश्वास, पुर्पुरोवाद तथा रुढीवाद मात्र पढाएर आम जनतालाई आफ्नो सत्ता शक्तिको दास बनाएको हो ।

क्रूर र कठोर हस्तक्षेप भन्दा उपयुक्त तरिकाले कलात्मक तर उल्टा प्रशिक्षण गरेर आफ्नो संस्कृतिलाई सामन्तवादले जनमनमा जब्बर बनायो । यसैले कार्लमार्क्सले क्याथोलिक भन्दा प्रोटेस्टियन धर्मलाई तुलनात्मक सकारात्मक ठहर गर्नु भएको थियो । यस सन्दर्भमा मार्क्सले आर्थिक भौतिक लगायत तमाम विकास निर्माणका विषयमा भगवान्को भर पर्नु किमार्थ जाती होइन भन्नु भएको थियो । यस्ता कुरामा भर पर्नु, लट्ठ पर्नु अफिम खाएर सरह हुन्छ भन्नु भएको हो । यति कुरा अझै हामीले नबुझ्दा हामी प्रगतिशील भनिनेहरु सप्तकोशीमा पैसा चढाउँछौं अनि बिरालोले बाटो काट्यो भनेर निधारबाट पसिना काड्छौं ।

ज्ञानेन्द्र शाहका काला कर्तुतहरु अनेक छन् तिनको फेहरिस्त निक्कै लामो हुन्छ । वीरेन्द्रको सकल वंश समाप्त गर्नु र हुनु कथंकदाचित भविष्यमा उनकै वंशका व्यक्तिलाई उत्तराधिकार बनाउलान् भन्ने ज्ञानेन्द्र भय भएको स्वतः बुझिन्छ । पंचायत कालका काण्डै काण्डका नायक ज्ञानेन्द्र बारेका एक प्रत्यक्ष प्रमाण वरिष्ठ पत्रकार पदम ठकुराठी हुन् । उनी शाहबाट मारिनबाट बालबाल बचेका हुन् । यस्ता दसी प्रमाणहरु अनेक छन्, तिनलाई मिडियामा मुखर गर्नु पर्छ । हावाले उडाउनेलाई कुचो लगाइरहनु पर्दैन । तमाम मोर्चा संगठनहरु चोटिलो हास्य व्यङ्ग्यात्मक गीत, कविता,साहित्य सभा, सांस्कृतिक अभियान तथा बौद्धिक सभा व्याप्त गर्ने हो भने मुठ्ठीभर प्रतिगामी तत्वलाई निमेषमा निस्तेज गर्न सकिन्छ । पूर्वराजा वीरेन्द्र शाहको परिवारलाई निर्ममता र क्रूरतापूर्वक मारिएको सभाकक्ष भत्काएर ज्ञानेन्द्र किन दरबारबाट बाहिरिए ? स्वयं नवाराज सुवेदीले ज्ञानेन्द्रको पोल आफ्नो किताबमा खोलेकै छन् । पूर्व सेनापति रुक्माङ्गद कटुवालले बारबार र हजारबार अनुनय विनय र बिन्ती बिसाउँदा पनि पटक्क नमान्ने ज्ञानेन्द्र आफैं आफ्ना करण चपरीमुनि पुरिएका हुन् । उनी म दाजु वीरेन्द्र शाह जस्तो लुरे लोतिखरे होइन, आँटिलो,चोटिलो र बहादुर राजा हुँ भन्थे ज्ञानेन्द्र । बाठो लड्छ तीन बल्ड्याङ भनेको पनि यही होला । गुरुङथरि कलाकारलाई गाडी दुर्घटनामा पारी मार्ने दुर्व्यसनी पुत्रलाई असल संस्कार र शिक्षा दिन नसक्नेले देशमा के गर्लान् ? एकै पटकमा देखियो त ? बेसार भनेर चिनिसकेपछि बारबार कोट्याउनेहरुको बुद्धि कहाँ कतातिर होला ?
राष्ट्रनिर्माता पृथ्वीनारायण शाहलाई भजाएर उनका नालायक र इतिहासका निकम्बा सावित सन्ततिलाई डा.गुरुङले काँधमा बाकेको पटक्कै सुहाएन । चिहानमा पुरिएको सती प्रथा ब्युँझाउन खोज्ने , जन्मसिद्ध श्रेष्ठता खोज्नेहरु, दास दासी र कमारा प्रथा ब्युँझाउन खोज्दैछन् । देशको सबैभन्दा बलियो मानिएको एमालेले र संयुक्त सरकार र प्रधानमन्त्रीले प्रतिगामी कदमलाई निस्तेज पार्नै पर्छ । हवन गर्दा दुईचार कमिला पोलिएलान् तर देशलाई अर्को अस्थिरताको चक्रमा पार्ने प्रतिगामीको खेल देशलाई विलयनतिर उन्मुख गराउने नियतको रहेको छ । डा. जगमान गुरुङ पशुको कहिल्यै कुनै जुनिमा बुद्धि आउँदैन तर नरपशु वा मानिसको ढिलो भए पनि बुद्धि आउँछ भन्नु हुन्थ्यो । अब जगमान गुरुङकै होस हवास कहिले आउने हो यो लेखक हेरिरहेको छ । उहाँसित एक खरो मिडियामा यस विषयमा सामूहिक संवाद गर्न मलाई मन थियो तर पत्रकारले नै वहाँ आउनु हुन्न भनेकाले संवाद हुन सकेन । मैदान खाली गरिदिएपछि प्रतिगामीहरु रत्यौली खेल्छन् नै प्रेस चौतारी सम्बद्ध वरिष्ठ पत्रकार राजेश राईका अनुसार कतिपय एमाले नेता र सम्बद्ध संस्था किन आफैं विरुद्धका तमाम भ्रम र फरेबविरुद्ध आक्रामक बनिरहेका छैनन् । नवप्रवेशी नेता र तिनी मातहतका कार्यकर्ताहरुलाई सामान्य सैद्धान्तिक र वैचारिक प्रशिक्षित नगर्दा पार्टी पिँधबिनाका लोटाले भरिएको देखिन्छ ।

जरा अभियानका अगुवा नेतालाई राजतन्त्र र गणतन्त्र कालको देश विकासको तुलना नगर इन्चार्ज लगायत नेतालाई नै थाहा नभएको सुनसरीको चक्रघट्टीबाट पनि थाहा भयो ।

प्रदेश स्तरका अधिकांश नेताहरु एमाले र ओली सरकारले गरेका २ महत्वपूर्ण कामहरुबारे जानकार छैनन् । भनसुन र मनसुनका आधारमा पार्टीमा भर्ती गरेपछि यही प्रदेशको पार्टी अभर परेको बेला ठिङ्ङ उभिन गाह्रो देखिन्छ । भुइँ तहदेखि माथिसम्मका हरेक कमिटीलाई जरासहित स्थापित गर्ने कुरामा ध्यान दिएको देखिन्न । माथिल्लो समिति र अमुक नेताका हर आदेश तामेली गर्ने कुराले संगठनको जग बस्तैन ।

देश र जनताको हितका सबालमा राजतन्त्र काल र गणतन्त्र कालको तुलना गर्दा हरेक क्षेत्रमा आकाश जमिनको फरक स्पष्ट हुन्छ ।
राजतन्त्र कालमा गरिबीको रेखामुनिका जनता ४९ प्रतिशत थिए भने गणतन्त्र कालमा १५ प्रतिशत रहेको छ । राजतन्त्र कालमा मातृशिशु मृत्युदर प्रतिहजारमा १२८ थियो भने गणतन्त्र कालमा गणतन्त्र कालमा मातृशिशु मृत्युदर हाल प्रतिहजार २१ मात्र छ । राजतन्त्र कालमा नेपालीको औसत आयु ५४ वर्ष थियो गणतन्त्र कालमा ७१ भन्दा बढी छ ।
नेपालको कुल गार्हस्थ्य उत्पादन सडक सञ्जाल खानेपानीको पहुँच लगायत विजुलीको उपभोग विषयमा गणतन्त्रकाल धेरै माथि रहेको तथ्यले बताउँछ यतिका फरक देखीदेखी योग्यता क्षमता,प्रतिभा र पौरखविहीन वंशका आधारमा मात्र श्रेष्ठ सामन्ती राजतन्त्रको डा. गरुङले नै पक्षपोषण गर्नु लज्जाजनक देखिन्छ ।

(इटहरी निवासी लेखक मदन भण्डारी फाउण्डेशनका केन्द्रीय सदस्य हुन्। )

# लोकतन्त्रवादी याक्थुङ संघको अध्यक्षमा मनकुमार चेम्जोङ

बिर्तामोड(प्रस)। संविधानसभा सदस्य एवं नेपाली कांग्रेस झापाका पूर्व सभापति सुधिर कुमार शिवाकोटीले कांग्रेसका संस्थापक नेता विपी कोइरालाले सबै जातजातिको



संवेदनशिलतालाई बुझेर समावेशी सहभागिता गराएकै कारण २०१५ सालको निर्वाचनमा नेपाली कांग्रेसले दुईतिहाई बहुमत प्राप्त गरेको बताएका छन् । नेपाल लोकतन्त्रवादी याक्थुङ (लिम्बू) संघको प्रथम झापा जिल्ला अधिवेशनलाई प्रमुख अतिथिको आसनबाट संवोधन

❖ बाँकी अन्तिम पृष्ठमा

# शनिश्चरे उत्कृष्ट आधारभूत नगर अस्पतालको सूचीमा

अर्जुनधारा(प्रस) । झापाको अर्जुनधारा ९ मा रहेको शनिश्चरे नगर अस्पताल जिल्लाकै उत्कृष्ट आधारभूत नगर अस्पतालको सूचीमा रहेको छ ।
स्वास्थ्य कार्यालय झापाले आधारभूत नगर अस्पतालहरुको न्यूनतम सेवा मापदण्ड मूल्यांकन कार्यक्रमको आधारमा शनिश्चरे नगर अस्पताल उत्कृष्टको सूचीमा रहेको जनाएको हो ।

झापा जिल्लामा पहिलोपल्ट आधारभूत नगर अस्पतालहरुको न्यूनतम सेवा मापदण्ड मूल्यांकन गरिएको जिल्ला जनस्वास्थ्य निरीक्षक विश्वनाथ श्रेष्ठले जानकारी दिए । उनका अनुसार अर्जुनधारा, बिर्तामोड, कनकाई नगरपालिका र गौरीगञ्ज गाउँपालिकाको अस्पतालको मूल्यांकन गरिएको हो ।
जसमा गुणस्तरीय
सेवा प्रवाह मूल्यांकनको आधार, भौतिक पूर्वाधार, मानव संशाधन, अत्याधुनिक औजार उपकरणहरुको न्यूनतम सेवा मापदण्ड (एमएसएस) मूल्यांकन गरिँदा शनिश्चरे नगर अस्पतालले ७० प्रतिशत पूरा गरेका कारण उत्कृष्ट सूचीमा परेको जनस्वास्थ्य निरीक्षक श्रेष्ठको भनाइ छ ।
अर्जुनधाराका नगर प्रमुख बलदेवसिंह गोम्देनको अध्यक्षतामा अस्पतालमा बुधवार भएको एक संक्षिप्त कार्यक्रममा जनस्वास्थ्य निरीक्षक श्रेष्ठले ६५० वटाभन्दा बढी सूचांकको आधारमा शनिश्चरे नगर अस्पतालले ७० प्रतिशत अंक पाएको जानकारी गराएका थिए ।
नगर प्रमुख गोम्देनले अस्पतालको सेवा प्रवाहबारे अझ दत्तचित्त भएर लाग्न चिकित्सकलाई निर्देशन दिँदै धन्यवाद प्रकट गरेका छन् ।
यस्तै, अस्पतालमा गुणस्तरीय सेवा प्रवाहका लागि नगरको सहयोग रहने भन्दै उनले प्रतिबद्धता जनाए ।
उनले भौतिक पूर्वाधार तयार भएपछि शतप्रतिशत सेवा दिन सकिने सुनाए ।
१५ शैयूयाको यस अस्पतालमा ओपीडीबाहेक अन्य सेवा प्रवाह २४ घण्टा नै खुला रहेको मेडिकल सुपरिटेण्डेन्ट डा. योगेश चेम्जोङले बताए । उनका अनुसार दैनिक ४ सयभन्दा बढी सेवाग्राहीले एमबीबीएस र स्त्री रोग तथा प्रसुती विशेषज्ञ (एमडीजीपी) चिकित्सकबाट स्वास्थ्य सेवा लिइरहेका छन् ।
अर्जुनधारासँगै छिमेकी पालिकाहरु बिर्तामोड, बुद्धशान्ति, रोङ, माई, मेचीनगर, कनकाई र दमकबाट सेवाग्राही आउने यस अस्पताल अपांगमैत्री बनाइनुपर्ने, फोहोर व्यवस्थापनलाई अझ व्यवस्थित गरिनुपर्ने, आवश्यकताअनुसार भौतिक संरचनाको निर्माण र नगर अस्पतालको मापदण्डअनुरुप स्थायी कर्मचारीको अभाव रहेको औँल्याइएको छ ।

यसैगरी, नेपालमै पहिलोपल्ट १० महिनाअघि सुरु गरिएको आमा सुरक्षा कार्यक्रमअन्तर्गत २५० जनाले सेवा लिएका छन् । अस्पताल प्रशासन प्रमुख राजविक्रम खड्काका अनुसार साधारणतर्फ १४० जना र शल्यक्रियामार्फत १०४ जनाको प्रसुति गरिएको छ । यस्तै, डा. चेम्जोङका अनुसार यसै अस्पतालमा ३ वटा पाठेघरको ट्यूमर र ३ वटा डिम्वाशयको ट्यूमर सफलतापूर्वक शल्यक्रिया गरिएको छ । जसमा ७ सेन्टिमिटरदेखि डेढ केजीसम्मको ट्यूमर निकालिएको थियो ।

# जंगली च्याउ खाएर पाँचजना सिकिस्त

झापा(प्रस) । जंगली च्याउ खाएर इलाममा पाँचजना सिकिस्त भएका छन् । इलामको सूर्योदयमा तीनजना र चुलाचुलीमा दुईजना विरामी भएका हुन् । इलाम माङसेबुङ -५ लारुम्बा घर भई हाल सूर्योदय वडा नं. ४ ठुलो श्रीबुङगास्थित आमत थुलुङ राईको घरमा डेरा बसी ज्यालामा चिया टिप्ने काम गर्दै आएका तीनजनाले मंगलवार बेलुका जंगलबाट टिपेर ल्याएको जंगली ज्याउ पकाएर खाएका थिए । बुधवार बिहान अचानक बिरामी भई तीनै जनालाई उपचारको लागि अस्पताल लगिएको छ । विरामी हुनेहरुमा इलाम माङसेबुङ -५ लारुम्बा बस्ने ५२ वर्षीय अमर लावती, सोही ठाउँ बस्ने १७ वर्षीया नुमा लावती र २२ वर्षीया मनिसा थेगिम लिम्बू रहेका छन् । अमर लावतीको फिक्कलस्थित श्रीनिधि अस्पताल र अन्य दुईजनाको दमकको आम्दा अस्पतालमा उपचार भइरहेको इलाम प्रहरीले जनाएको छ ।
त्यस्तै बुधवार दिउँसो जंगली च्याउ खाएर चुलाचुलीमा आमा छोरा बिरामी भएका छन् । दिउँसो १२ बजे चुलाचुली -१ कमल वस्ने ७८ वर्षीया धमकमाया घिमिरे र उनका छोरा ४८ वर्षीय नेत्र घिमिरेले जंगलबाट जंगली च्याउ टिपेर ल्याइ पकाएर खाएका थिए । च्याउ खाएर बिरामी भएका दुवै आमा छोरालाई उपचारको लागि दमकको आम्दा अस्पताल भर्ना गरिएको छ । दुवै बिरामीको अवस्था सामान्य रहेको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५६५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** – आज जोशजाँगर र हिम्मत बढ्नेछ । मनोरञ्जनमा सहभागी भइएला ।
**वृष** – रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।
**मिथुन** – छोटो दुरीको लाभदायक यात्रा रहला । वैदेशिक कार्य अघि बढ्नेछ ।
**कर्कट** – आज नसोचेको ठाउँबाट धन हात पर्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ।
**सिंह** – प्रेममा मनमुटावका साथै मन कमजोर रहनेछ । यात्रामा मालसामान हराउन सक्छ।
**कन्या** – महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ
**तुला** – आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।
**वृश्चिक** – आज भाग्योदय हुनेछ । धर्म, कर्म तथा समाज सेवामा मन लाग्नेछ ।
**धनु** – आज यात्रामा मालसामान हराउन सक्छ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।
**मकर** – मित्र वा आफन्तको सहयोग मिल्नेछ । बौद्धिकताको विकास हुनेछ ।
**कुम्भ** – आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् । व्यवसायबाट लाभ मिल्नेछ ।
**मिन** – बन्धु बान्धवबाट सहयोग मिल्नेछ । पारिवारिक सद्भाव बढ्नेछ ।